# कोष संकलन निर्देशिका

## Fundraising Manual

Fundraising For NGOs

**ICA-IIQA Joint Initiative**

कोष संकलन कार्य विज्ञान हो । तर यसका नियमहरु कुनै सूत्रभन्दा रंगीन इन्द्रेणी जस्तै हुने गर्छन् । तपाईले चित्र बनाउदा रंगहरुको छाया चित्रण गर्नु आवश्यक छ । यदि तपाईले यी कुराहरु चित्रण मित्रता तथा प्रेमपूवक तरिकाले गर्नुभयो भने अवश्य पनि सफलता प्राप्त गर्नुहुनेछ ।



Fundraising
For NGOs

# विषय सूची

**पेज नम्बर**


| | |
|---|---|
| कोष संकलनका मुख्य सिद्दान्तहरुः | १ |
| मानिसले किन सहयोग दिन्छन्? | २ |
| कोष संकलनका डरहरुः | ३ |
| कोष संकलन कार्यका प्रविधिहरु | ४ |
| स्रोत सम्पर्क | ५ |

# कोष संकलनका मुख्य सिद्दान्तहरुः

१) कोष संकलनको स्टताका लागि दातासंग सोध्नु आवश्यक छः एउटा कोष संकलन कर्ताले दाताको इच्छा, योग्यता र आवश्यकताको बारेमा सोध्नै पर्छ । उनीहरुले मुख्यकस्तो किसिमको कामको अपेक्षा गरेका छन् बुझ्नैपर्छ ।

२) व्यक्तिगत पहुँचः सामान्यतया जति प्रभावकारी ढंगले व्यक्तिगत रुपमा तपाई पहुँच बढाउनुहुन्छ त्यति नै बढी तपाई प्रभावशाली बन्दै जानुहुन्छ ।

३) दाताको दृष्टिकोण बुझ्नेः जब दाताले सहयोग प्रदान गर्ने निर्णय गर्छ तब दातामा भावना सम्पूर्ण प्रकृया तथा चिन्तनको श्रंखलाहरु उठ्न सक्छन् ।

४) मानिसलाई उनीहरुका लागि केही गर्नु आवश्यक छ जुन तपाई गर्न गइरहनु भएको छ।

५) विश्वससनीय मानिसहरु तिनै संघसंस्थाहरुलाई दिन बढी मन पाराउँछन् जसका बारेमा उनीहरुले सुनेका हुन्छन् ।

६) कति दिने दातालाई थाहा हुदैनः कुनै संस्था वा व्यक्तिले कति पाउने अपेक्षा गरिका छन् र कति दिने यो दाताका लागि सास्थाको रुपमा रहेको छ ।

७) धन्यबाद ज्ञापन गर्नुः धन्यवाद ज्ञापन गर्नु अत्यन्तै महत्वपूर्ण हुन्छ ।

८) दीर्घकालीन संलग्नता तथा प्रतिवध्दताः तपाई वास्तवमा नियमित रुपमा र अधारभूत रुपमा मानिसहरुले भन्ने चाहना हुन्छ ।

९) प्रतिवेदन पठाउने र जवाफदेहिताः तपाईले कसैबाट लिएको पैसा कुन काममा प्रयोग भयो, जुन प्रयोजनका लागि लिइएको हो त्यसैमा प्रयोग भयो कि भएन, जानकारी दिनु पर्छ ।

# मानिसले किन सहयोग दिन्छन्?

विभिन्न कारण र फरक संस्थाहरुले फरक प्रेरणाबाट फाइदा प्राप्त गर्ने गर्छन् । केही संभावित प्रेरणाहरु निम्न छन्:

१) चासो/सरोकार: संभवन प्रदान गर्नकालागि एउटा मात्र एकदमै महत्व कारण जसले गर्दा मानिसले दिन्छन् ।

२) कर्तव्य: संमवत प्रदान गर्नकालागि दोस्रो सशक्त प्रेरणा । त्यो विचार, हामी धनी, उनीहरु गरीब छन् ।

३) अपराधबोध: यो अर्को प्रेरणा हो । अपराधबोधले दातालाई केही दिनका लागि उत्साहित गर्छ ।

४) व्यक्तिगत अनुभव: ती मानिसहरु आफै वा आफ्ना परिवारका सदस्यहरुको क्यान्सर जस्तो रोगबाट प्रभावित भका हुन्छन्, मुटु सम्वन्धी रोग अन्य यस्तै रोगबाट पीडित छन् केही दिनका लागि प्रेरित छन् ।संमवत प्रदान गर्नकालागि दोस्रो सशक्त प्रेरणा । त्यो विचार, हामी धनी, उनीहरु गरीब छन् ।

५) कुनै किसिमको व्यक्तिगत लाभ: धेरै मानिसहरु प्रतिष्ठा र प्रशंसा मन पराउछन् । जब उनीहरुको परोपकारीता र उदारता पत्र पत्रिकामा प्रभावित हुन्छन् आत्मिक आनन्दको अनुभव गर्छन् । ।

६)'माग्नु' आवश्यकता: धेरै मानिसहरुले नदिनुको कारण के हो भने उनीहरु कहिल्यै पनि माग्दैनन् ।

७) दौतरी दवाव पनि महत्वपूर्ण छ । जब कसैले आफ्ना साथीभाईले दिएको थाहा पाउछ र उसको प्रशंसा र चर्चा हुन्छ तब उनीहरु पनि दिन चाहाछन्, किनकि अहिले सम्म उनीहरुले दिएका छैनन् । साथीभाइले देऊ भन्दा पनि कतिपयले दिन्छन् ।

८) कर शुल्क: परोपकारार्थ बनेका उपहारका सामान खरीद गरी बचत गरेर दान गर्न सकिन्छ ।

# कोष संकलनका डरहरु:

१) कोष संकलनको अनुभव नहुनु
२) कोष संकलन सीप नहुनु
३) कोष संकलन गर्ने समय
४) आत्म विश्वास नहुनु
५) कारणहरुमा विश्वास
६) विश्वसनीयता तथा सफलताको ताजा अभिलेख
७) मानिससंग भाग्ने
८) अन्य कोष संकलनकर्ताहरुसंग अनुभव आदान–प्रदान गर्ने ।

# कोष संकलन कार्यका विधिहरु:

कोष संकलन कार्य गर्न जानु वा कसैसंग पैसा माग्नु अगाडि तपाई र तपाईको संथामा आवध्द ब्यक्तिहरु तपाईले के पा्रप्त गर्न खोज्दै हुनुहुन्छ र किन भन्ने कुरा स्पष्टसंग बुज्नु र सहमत हुनु आवश्यक छ।

## ध्यय तैयार गर्ने

एउटा सफल कोष संकलनकर्तालाई उसको संस्थाको बारेमा राम्ररी थाहा हुन्छ । ऊ के पा्रप्त गर्न खोज्दैछ जस्तै एउटा विके्रतालाई के बेच्दैछ भन्ने थाहा हुन्छछ । यदि त्यहा कुनै शंका छ भने ध्येय कथनको संरचना गर्नुहोस् र ढुक्क हुनुहोस् कि यो सबैबाट प्रयोग गरिन्छ । ध्येय कथनले पुनआश्वस्त गराउने छ कि तपाईको संस्थामा काम गर्ने सबै कर्मचारी यससंग सुस्पष्ट छन् । एउटा कोष संकलनको रुपमा तपाई यो थाहापाउनु जरुरी छ कि तपाईको संस्था के का लागि उभिएको छ र के पा्रप्त गर्ने कोशिस गदैछ ताकि तपाई संभावावित हालतलाई भन्न सक्नु होस् ।

## SWOT विश्लेषण गर्ने

विश्लेषण सामान्य प्रकृया हो जसले तपाई संस्थागत रुपमा कहाँ उभिनु भएको छ भन्ने कुराको निर्धारण गर्छ । यसले खास गरेर कोष संकलन पि्रतिष्पर्धीहरुको सन्दर्भमा तपाईको स्थानको पहिचान गर्छ । कोष संकलन कार्यको सन्दर्भमा

तपाईका सवल पक्ष, दुर्वल पक्ष, चुनौति र अवसरहर के के छन्?

## ‘सहयोगका लागि याचना’ तैयार गर्ने

सहयोगका लागि याचनाले संभावित दाताहरुलाई तपाईको संस्थाको विशेषता, परियोजना, परोपकारको बारेमा संक्षिप्तत अभिलेख प्रतुत गर्छ । यसले परियोजना किन आवशयक छ भन्ने कारणहरु प्रस्तुत गर्नुपर्छ ।

## अनुदान नीति विकसित गर्ने

कसैबाट अनुदान लिने कि नलिने अथवा यो बाहेक अन्य विकल्प छन् कि छैनन् भन्ने बारेमा अनुदान नीति हुनु एकदमै रामो् हो ।

## आपनो उत्पादनको वजारीकरण गनुहोस्

यधपि धेरै मासिहरु जो नाफारहित संस्थामा काम गर्छन् , कोष संकलन कार्य विक्रय’ हो भन्ने कुरा उनीहरु आधारभू्त रुपमा अस्वाभाविक ठान्छन् ।आपना दाताहरुका लागि मूल्य समायोजन गर्नुहोस्। तपाईको कोष संकलन लक्ष्य त्यतिबेला प्रभावकारी हुन्छ जब तपाई आफ्नो उत्पादनका बस्तुहरुको मूल्य निर्धारण गर्नुहुन्छ।

# स्रोत सम्पर्क

ठूला साना गरी संयुक्त राज्य अमेरिकामा मात्रै करिब २ लाख ५० हजार फाउण्डेशनहरु सहयोग प्रदानका लागि स्थापना गरिएका छन् । सन् २०२० मा यीनीहरुले ३०० अर्ब डलर बराबरको सहयोग प्रदान गरे । युरोपीय राष्ट्रहरुमा २ लाख फाउण्डेसनहरु कार्यरत छन र यी सवैको काम गर्ने तरिका एकै किसिमको छैन । स्वतन्त्र वा व्यक्तिगत रुपमा स्थापित तथा सरकार संग सम्बद्ध सबै फाउण्डेशनहरुको संख्या त २ लाख भन्दा बढी हुन आउछ । केही फाउण्डेशनहरु राजनीतिक पार्टी तथा व्यापारिक संघ संस्थाहरुले समेत स्थापना गरेका छन् । विश्वव्यापीरुपमा धेरै फउण्डेशनहरु धार्मीक संघ संस्थाहरुले स्थापना गरेका छन् र अधिकांश त्यस्ता फाउण्डेशनहरुले कुनै धर्ममात्र प्रचार गर्ने गर्छन् । धेरैले विश्वव्यापीरुपमा गरिबी निराकरणका लागि सक्रिय संघ संस्थाहरुलाई सहयोग गर्ने गर्छन् ।

नेपालमा पनि यस्ता केही फाउण्डेशन वा धार्मिक संस्थाहरु नभएका होइनन् । तर अधिकांश त्यस्ता संस्थाहरु कि त कविहरुलाई दोसल्ला ओढाउने वा कहिलेकांही चार्ड पर्वमा भोज भतेर गर्ने कार्यमा मात्र सीमित छन् । पशुपति नाथको मन्दीरमा जम्मा हुने दान, भेटी कै हिसाव राख्ने हो भने २०४ सय वटा गैससहरुले सहयोगका लागि विदेशी संग हात फैलाउनु पर्दैन । वास्तवमा, अन्य देशका धार्मीक फाउण्डेशनहरु श्रद्धालु तथा दानवीरको सहयोगमा स्थापना भएका हुन् । अन्य देशमा झैं यहाँ पनि धार्मिक अनुष्ठानमा जम्मा हुने रकम गरिवी तथा विपन्नता विरुद्ध अभियानमा खर्च गर्ने परिपाटी हुनु आवश्यक छ । यसको निम्ति धर्मको नाममा भष्टाचार हुने परिपाटीको अन्त्य हुनु आवश्यक छ ।

कोष संकलन कार्यमा व्यक्तिहरुले समेत योगदान दिने गर्छन् । यसो हेर्दा यो सहयोग त्यति ठूलो त हुदैन तर धेरै व्यक्तिहरुलाई यस तर्फ आकर्षण गर्न सके यो रकम निकै ठूलो हुन सक्छ । राम्रो परिणाम देखाउन सक्दा यस्तो सहयोग निकै दिगो हुने गर्छ ।

### क. कोष संकलनमा इन्टरनेटको प्रयोग

विश्वव्यापीरुपमा विज्ञान तथा प्रविधिको उच्चतम विकासका रुपमा देखा परेको 'इन्टरनेट कोष संकलन कार्यमा समेत प्रयोग गर्न सकिन्छ । इन्टरनेटको सहयोगमा केही क्षणमै विश्वकै ठूलो 'पुस्तकालय' भन्दा समृद्ध 'पुस्तकालय' मा झैं आफूलाई चाहिएका विषय वस्तुवारे खोजी गर्न सकिन्छ । इन्टरनेटको प्रयोग गरी हामी सजिलै दाताहरुवारे जानकारी प्राप्त गर्न सक्छौ । यसवाट दाताहरुसंग सम्पर्क राख्न तथा आफ्नो संस्थालाई विश्व सामु प्रस्तुत गर्न सकिन्छ । धेरैजसो दाताहरुले आफ्नो बारेमा इन्टरनेटमा राखेका हुन्छन् । यदि हामीलाई यो इन्टरनेट ठेगाना थाहा छैन भने सर्च इन्जिन आदि मार्फत खोजी गर्न सकिन्छ । तर, इन्टरनेटमा भएका दाताहरु मध्ये आफूलाई चाहिने खालका दाताहरुको खोजी गर्न केही समय लाग्ने गर्छ । इन्टरनेटको प्रयोग गर्ने जानकारी हुँदा दाताहरुको खोजी गर्ने कार्य छिटो हुनुका साथै इन्टरनेट प्रयोगमा लाग्ने पैसामा समेत कटौती हुन्छ । आफूलाई केही थाहा नभए पनि लाइब्रेरी अफ कँग्रेसको इन्टरनेट स्रोतमा भएका सामग्री हरु अवलोकन गरी धेरै दाताहरुको ठेगाना प्राप्त गर्न सकिन्छ ।

इन्टरनेटमा त्यस्ता धेरै संस्था वा व्यक्तिहरुका बारेमा जानकारी हुने गर्छ जो अन्य संस्थाका लागि माध्यमका रुपमा काम गर्छन् । उनीहरु विभिन्न संस्थाहरुलाई कोष संकलन बारे जानकारी दिनुका अतिरिक्त माध्यमका रुपमा रही प्रस्तावना लेखन तथा कोष संकलन गर्ने कार्यमा सघाउ पु¥याउनेछन् । केही अन्य इन्टरनेट साइटहरु भने व्यक्तिगत रुपमा सहयोग गर्न चाहने व्यक्ति वा साना संस्थाहरुको साझा संस्थाका रुपमा रहेका छन् ।

### ख.सहयोगका लागि इमेलको प्रयोगः

हाल विश्वव्यापीरुपमा करौडौ संस्था तथा व्यक्तिहरु व्यापक रुपमा इमेलको प्रयोग गर्ने गर्छन् । कोष संकलनका लागि इमेलको प्रयोग प्रभावकारी त छ नै तर हामीले पठाएका इमेल दाताहरुले नपढी मेटाउन सक्छन् । त्यसैले इमेलमा मात्रै विश्वास गर्नु हुँदैन । विशेष गरी दातासंगको शुरुका पत्राचार हुलाक मार्फत गर्नु उपयुक्त हुन्छ । सम्वन्ध बढ्दैजाँदा इमेलको प्रयोग गर्दा पनि खासै फरक पर्दैन । यो छिटो र छरितो हुने भए तापनि दाताहरुसंग औपचारिक सम्वन्ध कायम गर्न उपयुक्त मानिदैन । आफ्नो संस्थालाई राम्ररी जानिराखेका दाताहरुका लागि भने इमेलको प्रयोग गर्दा खासै प्रतिकूल असर पर्दैन ।

### ग.सहयोगका लागि आफ्नै वेबसाइट तयार गर्ने:

धेरै गैससहरुले आफ्नै वेबसाइट तयार गरेका छन् । नेपालमा पनि यो क्रम निकै बढेको छ । केही संस्थाहरुले अन्य गैससहरुलाई उनीहरुको वेबसाइट निशुल्क बनाइ दिने गरेको पाइन्छ ।

### समग्र संस्था नै कोष संकलनमा लागि पर्ने प्रक्रिया:

संस्थालाई जिवन्त राख्न कोषको नियमित व्यवस्था हुनुपर्छ । आर्थिक स्रोत बिना संस्थाले सोचेका कामहरु अगाडि बढाउन सक्दैन । कोषको संकलन गर्ने कार्य आफैवाट शुरु गर्न सकिन्छ । कोष जम्मा गर्ने भन्ने वित्तिकै विदेशी संस्था वा व्यक्ति कै मुख ताक्नु पर्छ भन्ने छैन । संस्थालाई कोष संकलनका लागि सुदृढ गर्न सवल नेतृत्व र व्यवस्थापन चाहिन्छ । समग्र संस्थालाई नै कोष संकलनका रुपमा विकास गर्न निम्न कार्यहरु गर्नु पर्ने हुन्छ ।

- कोष संकलन सम्वन्धी संस्थागत संस्कृतिको विकास गर्ने ।
- कोष संकलन गर्न कर्मचारीहरुलाई तालिम दिने ।
- कोष संकलन सम्वन्धि नयाँ उपायहरुको अवलम्वन गर्ने ।
- प्रगतिलाई व्यवस्थापन गर्दै परिणामको मूल्यांकन गर्ने ।

संस्थाले कोष संकलन गर्ने कार्यलाई विशेष जोड दिनुपर्छ । धेरै गैससहरु दाताहरुको राम्रो खोजी गर्न नसकेर वा अन्य व्यवस्थापकीय कारणले वीचैमा हराउने गर्छन् । संस्थामा कोष संकलन गर्न सक्ने व्यक्तिको व्यवस्था हुनु जरुरी छ । संस्थाले यस कार्यलाई विशेष महत्व दिनु पर्छ । कोष संकलन कार्य गर्दा आफ्नै संस्थालाई मात्र हेरेर गर्नु हुदैंन । मिल्दाजुल्दा अन्य संस्थाहरुले कस्ता दाताहरु भेटेका छन्, त्यस्को खोजीनिति गरौं, तिनै दाताहरुले अन्य संस्थाहरुलाई समेत सहयोग गर्न सक्छन् ।

### कोष खोजी कर्ताले थाहा पाउनु पर्ने कुराहरु:

- कोष संकलन गर्न कति प्रयत्न गर्ने ?
- कुन नीति, नियम पहिल्याउने ?
- कुन रणनीति लिने ?
- कुन कोष स्रोतमा पहूँच छ ?
- के सहयोग चाहिएला ?
- कहिले काममा लाग्ने ?

## सफलताका ९ खुड्किला:

**१. कहाँ जाने, थाहा पाउनु होस्।**

**२. को महत्वपूर्ण छ र उनीहरु के चाहान्छन्, थाहा पाउनु होस्।**

**३. अवस्थाको विश्लेषण र मनन् गरौं।**

**४. आफूले सोचेको ठाँउमा कसरी पुग्ने भन्ने वारे योजना गरौं।**

**५. स्पष्ट चरण, जिम्मेवारी र समय तोकौं।**

**६. ‘गर्न सक्छु’ भन्ने सोच राखौं ।**

**७. अरुलाई उनीहरुको जिम्मेवारी बहन गर्ने स्वतन्त्रता दिऔं।**

**८. प्रगति र यसका सूचकहरुको अनुगमन गरौं ।**

**९. नसोचिएका बाधाहरुसंग तालमेल राखौं र सम्भव भए सम्म लागि परौं।**

इन्टरनेटको नियमित अवलोकन तथा प्रयोगबाट उपयोगी स्रोतहरुको खोजी गर्न, आफ्नो सेवा प्रदान गर्न चाहाने परामर्शदाता तथा कोष सङ्कलन सम्बन्धीका तालिम हरुबारे जानकारी प्राप्त गर्न सकिन्छ । कुनै कुनै संस्थाहरुले त कोष सङ्कलन सम्बन्धीका तालिमहरुबारे कुनै संस्थाहरुले त कोष सङ्कलनको जानकारी दिने पुरै किताब नै इन्टरनेटमा राखेका हुन्छन् ।

व्यक्तिगत रुपमा अनुदान दिनेहरुमा धनी मात्रै होइन भावना भएका गरीब पनि हुने गर्छन् । जीवनको कुनै समयमा सम्बन्धित समस्या बाट प्रभावित भई असर युक्त भएका मानिसहरु व्यवसायिक व्यक्तिहरु सबैमा यो भावना  हुने नै गर्छ । कतिपयले त सहयोग गर्नुलाई आफ्नो एउटा जिम्मेवारी नै ठानेको हुन्छन् ।

कोष सङ्कलन गर्न विशेष अवसरको आयोजना गर्न सकिनछ । नेपालमा धेरै संस्थाहरुले कोष सङ्कलनका लागि नाँच, गान, फिल्म सो, देउसी भैलो कार्यक्रम गर्ने गरेको पाइन्छ । कोष सङ्कलनकै लागि संस्थाहरु पसल सञ्चालन गर्ने, प्रकाशन विक्रि गर्ने आदि गर्ने गर्छन् ।  विद्यार्थीहरुका लागि आफ्नो अध्ययनलाई अघि बढाउन पनि सहयोगको खोजी गर्न सकिन्छ । यस्तो सहयोग छात्रवृत्ति, फेलोसिप वा कम ब्याजमा ऋण हुन सक्छ ।

दाताहरुवारे कसरी थाहा पाउने ? दाताहरु बारे थाहा पाउन हाम्रा आफ्नै पञ्चेन्द्रीय र प्रवृत्ति पर्याप्त छन् । यिन्को सक्दो प्रयोग गरौ ।
कान: दाताहरु आफूवारे भन्दछन्, सुनौ ।
आँखा: संचार माध्यमले दातावारे बताइएको कुरा हेरौं ।
मुखः दाताहरुलाई नै सोध्ने गरौं ।
नाकः वास्तविक सन्दर्भ के हो थाहा पाऔं ।
हातः अरुलाई आफूले थाहा पाएको वारे वताऔं र सहयोग गरौं

**आफ्नो संस्थालाई कसरी प्रस्तुत गर्ने ?**

आफ्नो संस्था वारे संस्थाका हरेक व्यक्तिहरु अवगत हुनु पर्छ । जो कोहिले सोध्दा पनि संस्थाका व्यक्तिहरुले आफ्नो संस्थावारे स्पष्टरुपमा बताउन संक्षम हुनु पर्छ । संस्थाका लागि स्रोतसंग सम्वन्ध सवैको हो । भनिन्छ संस्थाले कुनै काम पाउने वा नपाउने भन्ने कुरा रिसेप्सनिष्टले दिने जानकारी तथा व्यवहारमा समेत भर पर्ने गर्छ ।

आफूले सोचेको आयोजनाका लागि प्रस्तावना तयार गरेर दाताहरुलाई पठाउंदैमा सहयोग प्राप्त गर्न सकिन्छ भन्ने छैन, यसका लागि आफ्नो संस्थालाई राम्रो संग प्रस्तुत गर्न पनि सक्नु पर्छ । सामान्यता प्रस्तावनाको अन्त्यमा एउटा छुट्टै खण्ड संस्थाको परिचय तथा यसले गरेका क्रियाकलापवारेमा केन्द्रित हुनु पर्छ । संस्थामा सम्वद्ध व्यक्तिहरु तथा संस्थाहरु वारेमा संक्षेपमा उल्लेख गर्दा अन्य संस्थाहरुले यस्ता संस्थाहरुलाई अझ वढी विश्वास गर्छन् । नेपालमा कार्यरत विदेशी नियोग तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु आफूलाई जोगाउन समेत यस्ता व्यक्तिहरुद्धारा स्थापित संस्थालाई सहयोग गर्ने गर्छन् । उनीहरु यस माध्यमवाट सजिलै राष्ट्रिय राजनीतिमा समेत हस्तक्षेप गर्ने तहमा पुग्छन् । पूर्व मन्त्रीका, प्रधानमन्त्रीका छोरी तथा श्रीमति, राजनीतिक पार्टीहरुले खोलेका संस्थाहरु एकै रातमा करोडौं रुपिया बरावरको सहयोग प्राप्त गर्ने गर्छन् । नेपालमा कार्यरत दर्जनौ विदेशी दाताहरु आफ्नो गुलामी प्रमाणित गर्न त्यस्ता संस्थाहरुलाई सहयोग गर्ने गर्छन् । नेपालमा कार्यरत अत्यन्त तटस्थ देखिने विदेशी संस्थाहरु समेत यस खेमामा पर्छन । वास्तमा यो ‘भ्रष्टचार’ को एउटा ‘रुप’ पनि हो । नेपालका करीब १०० वटा ‘ठूला’ गैसस हरु गैसस मार्फत खर्च गरिने पैसाको ८० प्रतिशत हडप्न सफल भएका छन् । तर, सवै संस्थाले यो सुविधा प्राप्त गर्न सक्दैनन् । उनीहरुका निम्ति राम्रो काम गर्दै संस्थागत सुदृढिकरण विकास गरेर आफूलाई प्रस्तुत गर्नु बाहेक अर्को विकल्प नरहन सक्छ ।

कोष सङ्कलन गर्ने सन्दर्भमा सर्वप्रथम त संस्थाहरुलाई दाताहरु बीच परिचित गराउन सक्नु पर्छ। यसको लागि संस्थालाई प्रवद्र्धन गर्ने सामाग्रीहरु संस्थाको परिचय झल्कने ब्रोसर, प्रतिवेदन,न्यूज लेटर आदि प्रकाशन गर्नु उपयुक्त हुन्छ । प्रस्तावनाको शुरुमै लेखने “परिचय” शीर्षक अन्तर्गत तलका कुराहरुलाई मिलाएर प्रस्तुत गर्न सकिन्छ ।

- तपाईंको संस्था कसरी शुरु भयो ? यति धेरै संस्था हुदाँहुदै तपाईंकै संस्था, किन चाहियो ?
- अन्य गैसस भन्दा तपाईको संस्था के कुरामा फरक छ ?
- तपाईको संस्थाको लक्ष्य  (ध्याउन्न) के हो ? रणनीति के हुन् ?
- अहिले सम्म तपाईको संस्थाले गरेका उल्लेखनीय कार्यहरु केही छन कि ? देखाउन सकिने कुरा जस्तैः समाचार पत्रहरुमा छापिएका कुराहरु, वार्षिक प्रतिवेदन आदिवारे संक्षेपमा जानकारी दिन सकिन्छ ।
- संस्थाको सामान्य परिचय जस्तै कर्मचारी संख्या कानूनी स्थिति आदि ।
- कुनै अन्य संस्था वा व्यक्तिहरुवाट सहयोग पाएको भए त्यसको चिठी ।
- स्थानीय स्तरमा कसरी स्रोत संकलन कार्यलाई अघि बढाइएको छ ।
- प्रस्तावित आयोजना कसरी तपाईको संस्थाको परिकल्पना वा रणनीतिक योजनासंग तालमेल खान्छ ? संस्थाले आफ्नो उद्देश्य वा योजना विपरितको प्रस्तावना पेश गर्दा दाताहरुले संस्थाहरुको दृष्टिकोण हेर्दछन् । तर आफ्नो उद्देश्य अनुरुप भएको प्रस्तावनाले भने विषय प्रति संस्थाको गाम्भिर्यता झल्कांउछ । त्यसैले, संस्थाले आफूलाई कुनै विशिष्ट विषयमा दक्ष बनाउंदै लानु आवश्यक छ । फूटवल खेलको प्रशिक्षकले फूटवलमै दखल वनाउंछ न कि क्रिकेटमा, संस्थाहरु पनि यस्तै हुन् । काम गर्दैजाँदा विशेष क्षेत्रमा दखल प्राप्त गर्दै जानु उपयुक्त हुन्छ ।
- संस्थाको वार्षिक लेखावारे जानकारी दिंदा संस्था आर्थिक हिसाव किताबका कति पारदर्शी छ भन्ने कुरा झल्काउंछ ।
- संस्था यदि एकदमै नयाँ हो भने आयोजनासंग सम्वद्ध हुने प्रमुख व्यक्तिहरुको परिचय दिदां संस्था उक्त आयोजना कार्यान्वयन गर्न सक्छ भन्ने कुराको पुष्टि हुन्छ ।

तपाईको संस्थालाई चिनाउने कुनै पनि प्रमाण जुटाउन भुल्नु हुँदैन । स्थानीय सरकारबाट प्राप्त हुने समर्थन पत्र स्थानीय क्षेत्रमा कार्यरत अन्तराष्ट्रिय गैर सरकारी संस्था वा सरकारी निकायबाट प्राप्त हुने धन्यवाद पत्रहरु पनि प्रस्तावनाको सिफारिस गर्ने कार्यमा सघाउ पु¥याउन सक्छन् ।
सहयोग प्राप्त गर्न तपाईको आफ्नो संस्थालाई राम्रो सँग चिनाउन सक्नुपर्छ । यसको निम्ति उपयुक्त ढङ्कले संस्थाको प्रवद्र्धन तथा सञ्चारका कार्य गर्नु जरुरी छ । संस्थाको प्रवद्र्धनका लागि दाताहरुलाई दिन मिल्ने खालका प्रकाशन सामग्री छापी वितरणमा ल्याउनु सान्दिभिक हुन्छ ।

**यदि तपाईको संस्थाबारे कसैलाई थाहा छैन भने, तपाईं सहयोग आशा राख्न पनि सक्नु हुन्न ।**